**सूचना**

लोक सेवा आयोगको दृढ अठोट
योग्यता, निष्पक्ष र
प्रतिष्पर्धात्मक छनौट ।।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
*सूचना तथा प्रसारण विभाग*

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१३ ।। अङ्क : ९७ ॥ २०७८ जेठ २८ गते शुक्रबार (11th June 2021,Friday) **Pratidin** National Daily dNo-?:%÷-

# गण्डकीका मुख्यमन्त्री गुरुङ स्वत: पदमुक्त



*झापा (प्रस)* । गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेश सभामा राखेको विश्वासको मतको प्रस्ताव असफल भएको छ ।

बिहीवार प्रदेश सभामा विश्वासको मतको प्रस्तावलाई निर्णयार्थ पेश गर्दा मुख्यमन्त्री गुरुङको पक्षमा २७ मत मात्रै खस्यो ।

प्रदेशसभा सभामुख नेत्रनाथ अधिकारीले कूल ५७ सदस्यले मतदान गरेकोमा पक्षमा २७ र विपक्षमा ३० मत खसेको घोषणा गरे । कूल ६० सदस्य रहेको प्रदेश सभामा बहुमतका लागि ३१ मत आवश्यक पर्छ ।

स्वतन्त्र सांसद दिपक मनाङे बैठकमा उपस्थित भएनन् । राष्ट्रिय जनमोर्चाका सांसद कृष्ण थापा बैठकमा उपस्थित भए पनि तटस्थ बस्दै मतदानमा सहभागी भएनन् ।

प्रदेश सभामा ठूलो दलको हैसियतले अल्पमतमै मुख्यमन्त्री नियुक्त भएका गुरुङले विश्वासको मत नपाएसँगै स्वतः पदमुक्त भएका छन् । अब नयाँ मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुख कार्यालयबाट प्रक्रिया अगाडि बढ्नेछ । मुख्यमन्त्री गुरुङको विपक्षमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टी (जसपा) रहेका छन् । संघमा एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँग असन्तुष्ट रहेका दलहरू प्रदेशमा समेत एकजुट भएर एमालेलाई एक्ल्याउँदै गएका छन् ।

बिहीवारको मत विभाजनमा विपक्षी गठबन्धनको ३० मत जुटिसकेको र थप १ मत जुटाउन सकेमा नयाँ मुख्यमन्त्री नियुक्त हुनसक्ने सम्भावना छ । स्वतन्त्र सांसद दिपक मनाङेले विपक्षी गठबन्धनलाई सघाउने चर्चाबीच कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री बन्ने सम्भावना बढेको छ ।

कसैको सरकार नबने प्रदेशसभा नै विघटन हुने भएकाले सांसद मनाङेले विपक्षी गठबन्धनलाई सघाउने मनस्थिति बनाएको चर्चा छ ।

बिहीवारको कार्यसूची अनुसार सर्वप्रथम मुख्यमन्त्रीले विश्वासको मतका लागि प्रस्ताव पेश गरेका थिए । सोसम्बन्धी प्रस्तावमाथि दलका नेताले छलफलमा भाग लिएपछि त्यसको मुख्यमन्त्रीले जवाफ फर्काएका थिए । मध्याह्न १२ बजे शुरू भएको संसद बैठक बीचमा ३० मिनेट स्थगित भएपछि पुनः शुरू भएको थियो ।

मुख्यमन्त्रीको प्रस्ताव गण्डकी प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ को उपनियम ७ बमोजिम निर्णयार्थ प्रस्तुत गरिएको थियो । मत विभाजन प्रक्रियामा सांसदको दस्तखत लिइएको हो ।

गत वैशाख २९ गते दोस्रो पटक गुरुङ मुख्यमन्त्री नियुक्त भएका थिए । प्रदेश प्रमुख सीताकुमारी पौडेलले उनलाई संविधानको धारा १६८(३) बमोजिम संसदमा ठूलो दलको हैसियतले दलका नेताको रूपमा मुख्यमन्त्री नियुक्त

❖ बाँकी अन्तिम पृष्ठमा

# अलविदा ‘बाल्मिकी’ दिपेन्द्र दाई

• इन्द्रसिंह राजवंशी

पत्रकार निर्दयी हुन्छ भनेर भनिन्छ । किनकि उसले जस्तोसुकै दर्दनाक र भयानक घटनालाई हेर्न र त्यसका बारेमा मुटु दह्रो पारेर समाचार लेख्न सक्नु पर्छ । कोरोना महामारी शुरुभएयता धेरैभन्दा धेरै मृत्युको समाचार लेख्दै आएको छु । चिनेका साथीभाइ र आफन्तको समाचार पनि कठोर भएर गरेको छु । कतिपय पाठकले कोरोनाले मरेको समाचार कम गर्नु भन्ने सुझाव पनि दिएका छन् । सबैभन्दा अगाडि कोरोनाले मृत्यु भएको समाचार लेख्ने मेरो हातले आज आँट गर्न सकेन । मेरा हितैषी, मेरा छिमेकी दिपेन्द्र पोखरेलको मृत्युको समाचार लेख्न मेरो हात अगाडि सरेन । बिहान ५ बजेको थियो मित्र उमेश राउतले दिपेन्द्र दाईको मृत्यु भयो अरे बुझ्नु बुझ्नु भनेर भन्नुभयो । मैले दिपेन्द्र दाईका कान्छा भाइ प्रविण जो मेरा सहपाठी हुन् उसलाई फोन गरेर सोधेँ । काठमाडौंको नर्भिक हस्पिटलमा रुवाबासी चलिरहेको थियो । दिपेन्द्र दाई राति १२ बजे खस्नु भएको छ ।एकजना सह्रदयी शुभेच्छुक मित्र (दाई)को मृत्युको विवरण त मुश्किलले टिपेँ तर, समाचार बनाउने हिम्मत गर्न सकिनँ । विगत एक महिनादेखि उपचाररत उहाँको स्वास्थ्य अबस्था लगातार बुझ्दै थिएँ । सुधार हुँदैछ भनेर सुनाउँथे । निको भएर फ्याक्ट्री आउनु हुन्छ भन्ने बिश्वास थियो । बसाई थोरै मास्तिर भएपनि मेरो घरनजिकै उहाँको सिद्धिबिनायक प्लाई फ्याक्ट्री छ । जे सुन्न र देख्न नपरोस् भन्यो, त्यही सुन्नु पर्यो । त्यो दुखद समाचार कसरी लेख्नु भन्ने भयो ।मेरी श्रीमती सकुनले पर्दैन समाचार लेख्नु भन्दै थिइन् । ल्यापटप खोलेँ तर, समाचार लेख्न हात अगाडि सरेन । आखिर पत्रकारिताको धर्म निर्वाह गर्नैपर्ने भयो । मैले पाएको सूचनालाई सुसूचित गर्नै पर्यो । मन थामेर सानो समाचार लेखेँ ।

> कोरोना संक्रमण भई विगत एक महिनादेखि काठमाडौमा उपचाररत झापाका युवा उद्योगी दिपेन्द्र पोखरेलको बुधबार राति निधन भएको छ । काठमाडौंको नर्भिक हस्पिटलमा राति १२ बजे पाखरेलको निधन भएको उनका कान्छा भाइ प्रविण पोखरेलले बताए । ५३ वर्षिय पोखरेल विगत ३६ दिनदेखि त्यहाँ उपचाररत थिए । नेपाल प्लाइउड भेनियर सघका प्रदेश अध्यक्ष पोखरेल उद्योगीसँगसँगै राजनीतिक र सामाजिक कार्यमा पनि उत्तिकै सक्रिय रहेका थिए । उनका श्रीमती , एक छोरा र एक छोरी रहेका छन् ।



बसाई, पढाइ एकै ठाउँ बिर्ताबजारमा भएकाले हाम्रो उहिलेदेखिको पारिवारिक चिनजान नै हो । बिर्तामोड क्षेत्रकै पुरानो बासिन्दा उहाँको परिवार । जब बिर्तामोडमा आदिबासीबाहेक अरु समुदायको बसोबास थिएन । राजवंशी समुदायसँगको राम्रो संगत भएकाले दिपेन्द्र दाई लगायत उहाँको बुवा , भाइ प्रवीणलगायत प्राय सबैलाई राजवंशी भाषा मज्जाले बोल्न आउँछ । ‘हाल खबर ठीक छे ना’ भनेर मसँग कहिलेकाहिँ राजवंशीमा बोल्नु हुन्थ्यो । राजवंशीमा कुरा गर्दा अर्कै आत्मीयता महसुस हुन्थ्यो । मैले दिपेन्द्र दाईलाई उहिलेदेखि नै चिनेपनि संगत

❖ बाँकी अन्तिम पृष्ठमा

# झापामा पाँच कोरोना संक्रमितको मृत्यु

झापा , जेठ २७ । पछिल्लो चौबीस घण्टामा झापामा पाँचजना कोरोना संक्रमितको मृत्यु भएको छ ।

त्यसमध्ये मेची अस्पतालमा दुईजना संक्रमितको मृत्यु भएको हो । मेचीमा मृत्यु हुनेमा हल्दिबारी र भद्रपुरका एक महिला र एक पुरुष छन् । हल्दिबारी ५ की राई समुदायकी ७१ वर्षिया बृद्धाको बिहीबार बिहान मृत्यु भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख पुष्कर निरौलाले बताए ।योसँगै कोरोनाको नयाँ भेरियन्टबाट मृत्यु हुनेको सँख्या हल्दिबारीमा ६ पुगेको छ । त्यस्तै भद्रपुर ४ का लिम्बू समुदायका ६४ वर्षिय बृद्धको बुधबार बेलुका ७.५० बजे सोही अस्पतालमा मृत्यु भएको नगरपालिकाका स्वास्थ्य सहायक मनोज भट्टराईले बताए । त्यस्तै ३ का ८४ वर्षिय बृद्धको होम आइसोलेसनमा मृत्यु भएको छ । योसँगै कोरोनाको दोस्रो लहरमा मृत्यु हुनेको सँख्या भद्रपुरमा २२ पुगेको छ । त्यस्तै नगरपालिकाका एक पुरुषको कोरोना संक्रमणबाट मृत्यु भएको छ ।अर्जुनधारा ७ का ३७ वर्षिय पुरुषको बिएण्डसी हस्पिटलमा उपचारका क्रममा मृत्यु भएको हो । त्यस्तै मोरङ उर्लाबारी ३ की ५१ वर्षिया महिलाको दमक कोभिड हस्पिटलमा मृत्यु भएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या झापामा २८८ पुगेको छ ।

यसैबीच झापामा पछिल्लो २४ घण्टाभित्र कोरोना भाइरसको संक्रमणभन्दा निको हुनेको संख्या दोब्बर रहेको छ । लगातार चार दिनदेखि निको हुनेको संख्यामा बृद्धि भइरहेको हो ।स्वास्थ्य कार्यालय झापाको बिहीबारको रिपोर्टअनुसार पीसीआर र एन्टिजेन परीक्षणबाट १०५ जनामा संक्रमण

❖ बाँकी अन्तिम पृष्ठमा

# हल्दिबारीमा आकस्मिक अस्पताल संचालन गर्न एमालेको माग

*हल्दिबारी (प्रस)* । नेकपा(एमाले) हल्दिबारी गाउँ कमिटीले विपन्नका लागि बनाइएका आवासहरुमा गाउँपालिकास्तरीय आकस्मिक अस्पताल संचालन गर्ने ब्यवस्था तत्काल मिलाउन माग गरेको छ । गाउँ कमिटीले गाउँपालिका कार्यालयलाई एक ध्यानाकर्षण पत्र बुझाउँदै कोरोनाको नयाँ भेरियन्टको संक्रमण रोकथाम,नियन्त्रण,उपचार र नागरिकहरुको स्वास्थ्य अबस्थालाई ध्यानमा राखी आवासहरुमा आकस्मिक अस्पताल संचालन गर्न माग गरेको हो । तराई मधेस समृद्धि कार्यक्रममार्फत हल्दिबारी-२ मा १३ वटा आवासहरु निर्माण भएका छन् । पार्टीका गाउँपालिका इन्चार्ज नरेश चुडालले गाउँपालिका अध्यक्ष,उपाध्यक्ष र प्रशासकीय अधिकृतलाई हस्तान्तरण गरेको ध्यानाकर्षण पत्र अध्यक्ष हरि गौतमले वाचन गरेका थिए । कार्यक्रमको संचालन सचिव महेशलाल मेचेले गरेका थिए । यसैबीच गाउँ कमिटीको विशेष बैठकले कोरोना महामारी रोकथाम, नियन्त्रण, उपचार र बन्दाबन्दीको कारणले रोजगारी गुमाउन बाध्य दैनिक ज्यालादारी गर्ने गरिब, विपन्न परिवारका नागरिकहरुलाई राहत वितरण गर्ने निर्णय गरेको छ ।

गाउँ कमिटीका अध्यक्ष गौतमको अध्यक्षतामा बसेको बैठकले गाउँपालिका क्षेत्रका



संक्रमितहरुलाई हल्दिवारी गाउँपालिका बाहिरका अस्पतालहरुमा उपचारको क्रममा कठिनाई आईपरेमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने व्यवस्था मिलाउन पार्टी जिल्ला कमिटी सदस्य एवंम् हल्दिबारी गाउँपालिकाका उपाध्यक्ष डम्बर गिरीको संयोजकत्वमा हल्दिबारी इन्चार्ज चुडाल र जिल्ला कमिटी सदस्य एवंम् हल्दिबारी गाउँपालिकाका प्रवक्ता सागर पोर्तेल सदस्य रहेको कोरोना संक्रमित उपचार सहयोग तथा सहजीकरण समिति गठन गरेको छ ।

त्यसैगरी कोरोना संक्रमितहरुको उपचारमा जिल्लाव्यापी रुपमा देखिएको रगतको अभावलाई मध्यनजर गर्दै आगामी असार १४ गते ७० औं मदन भण्डारी जन्मजयन्तीको अवसरमा राष्ट्रिय युवा संघ नेपाल र अनेरास्ववियु हल्दिबारी गाउँ कमिटीको आयोजनामा रक्तदान कार्यक्रम गर्ने, बन्दाबन्दीको कारणले रोजगारी गुमाउन बाध्य दैनिक ज्यालादारी गर्ने गरिव विपन्न परिवारका नागरिकहरुलाई भोकबाट बचाउनका लागि लाभग्राहीहरुको पहिचान गर्न सम्बन्धित वडा कमिटीका इन्चार्ज, अध्यक्ष र सचिव रहेको समिति गठन गरेर सो समितिको सिफारिसको आधारमा गाउँ कमिटीको तर्फबाट खाद्यान्नलगायतका राहत सामग्री वितरण गर्ने, अक्सिजनको अभावमा कोरोना संक्रमितहरुको उपचारमा भइरहेको कठिनाइलाई मध्यनजर गर्दै केही थान अक्सिजन सिलिन्डरको व्यवस्थापन गरेर हल्दिबारी गाउँपालिकाको स्वास्थ्य शाखालाई हस्तान्तरण गर्नेलगायतका निर्णय गरिएको अध्यक्ष गौतमले जानकारी दिए ।

ASM
AADARSHA SCHOOL OF MANAGEMENT

ADMISSION OPEN
DIPLOMA
IN HOTEL
MANAGEMENT

Preparing Future
Ready Professionals
for Hospitality
Industry.



APPLY NOW

AADARSHA SCHOOL OF HOTEL MANAGEMENT
aadarsha.sm@gmail.com
023-546755
9806055500 I 9852626026
Namaste Toll , Birtamode -3, Jhapa Nepal










# ओलीले दिए मन्त्रिपरिषदलाई पूर्णता

***झापा (प्रस) ।*** प्रधानमन्त्री केपी शर्मा ओलीले पछिल्लो पटक बिहीबार मन्त्रिपरिषदलाई पूर्णता दिएका छन्। नेपालको संविधान धारा ७६ को उपधारा ९ अनुसार २५ जनाको मन्त्रिपरिषद रहने व्यवस्था भएअनुरुप बिहीबार ७ मन्त्री र एक राज्यमन्त्री थपेर प्रधानमन्त्री ओलीले मन्त्रिपरिषदलाई पूर्णता दिएका हुन्। एमाले र माओवादी मिलेर बनेको साविक नेकपाको एकता भंग भएपछि अल्पमतमा रहेका प्रधानमन्त्रीले जनता समाजवादी पार्टी जसपा अध्यक्ष महन्थ ठाकुर पक्षको समर्थनका साथ मन्त्रिपरिषदलाई बिस्तार गरेर यही जेठको २१ गते १७ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका थिए।

बिहीबार ओलीले गृहमन्त्रीमा एमालेका खगराज अधिकारी, सञ्चारमा पूर्वमाओवादी नेतृ नैनकला थापा, कृषिमा ज्वालाकुमारी साह, वनमा नारदमुनि राना, उद्योगमा राजकिशोर यादव, सामान्य प्रशासनमा गणेश पहाडी र वन राज्यमन्त्रीमा आशा कुमारी विक र विना विभागीय मन्त्रीमा मोहन बाँनियालाई नियुक्त गरेका छन्। प्रधानमन्त्री ओलीले निकै महत्वपूर्ण र शक्तिशाली गृह मन्त्रालय कास्कीका खगराज अधिकारीलाई जिम्मेवारी सुम्पेका छन्। अधिकारी कास्की-१ बाट चुनाव जितेर आएका हुन्।यसअघि उनले एमाले र कांग्रेसको आलोपालो सरकारको सहमति भएको बेलामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पाएका थिए। सुशील कोइराला प्रधानमन्त्री भएको बेलामा ओलीले उनलाई सरकारमा प्रवेश गराएका थिए।

अखिल पाँचौंको विद्यार्थी राजनीतिबाट आएका अधिकारीले २०५१ सालको उप-निर्वाचनमा तारानाथ रानाभाट र पछि यज्ञबहादुर थापालाई पराजित गरी सांसद भएका हुन्। त्यसो त गृह मन्त्रालयमा प्रधानमन्त्री ओलीको विश्वासपात्रका रुपमा चर्चित युवा नेता भक्तपुरका सांसद् महेश बस्नेतको पनि चर्चा थियो।

सञ्चारमन्त्री थापा नेकपाको एकता भंग भएपछि एमाले प्रवेश गरेका पूर्व गृहमन्त्री रामबहादुर थापा बादलकी श्रीमती हुन्। उनी माओवादी द्वन्द्वकालमा नेतृत्वदायी भूमिकामा थिइन्।उनले महिला आयोगको अध्यक्षको रुपमा पनि काम गरिसकेकी छन्। सर्वोच्च अदालतले बादलसहित माओवादी छाडेको नेतालाई मन्त्रीको रुपमा काम नगर्न आदेश दिएपछि बादलकी श्रीमतीलाई अघि सारिएको प्रस्ट बुझिन्छ ।

नेकपा एमालेभित्र विवाद चर्कंदो छ । ओली र नेता माधवकुमार नेपाल समूहसँग एकताको सम्भावना करिब टर्दै गइरहेको छ । तर, ओलीले माधव समूह छाडेर आएका गणेश पहाडीलाई सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी दिएका छन्। सिन्धुलीबाट चुनाव जितेका सांसद् पहाडी एमाले नेता योगेश भट्टराईको नजिकका मानिन्छन्। पार्टी विभाजनको विन्दुमा रहेका बेलामा नेता भट्टराई तटस्थ रहेर पार्टी एकताको पक्षमा लागिरहेका छन्। उनी निरन्तर बालुवाटार संवादमा जोडिरहेका छन्। यसअघि एमाले महासचिव ईश्वर पोखरेलसँग नेता भट्टराई र पहाडीले भेटवार्ता गरेका थिए।

त्यस्तै पूर्वराजपा समूहबाट महन्थ ठाकुरको लिस्टमा नपरेका राजकिशोर यादवले पनि उद्योग मन्त्रीका रुपमा ओली सरकारमा प्रवेश पाएका छन्। उनीसँग यसअघि सञ्चार मन्त्रालय सम्हालेको अनुभव छ ।

यसअघि जसपाबाट ८ मन्त्री र २ राज्यमन्त्री पर्दा समेत सरकारमा समावेश नभएका यादवले सरकारमा प्रवेश पाएका हुन्। राजपामा रहँदा सिरहा-४ बाट यादवले चुनाव जितेका थिए। यादवले मधेश जनाधिकार फोरमबाट पहिलोपटक संविधानसभाको चुनाव जितेका थिए।

दुई तिहाईसहित कम्युनिष्ट सरकारको प्रधानमन्त्री बनेको ओली सरकारमा सीमित संख्यामा चुनाव जितेका एक दर्जन मधेशकेन्द्रित दलका नेताहरु सहभागी छन्। पार्टीभित्र एकपछि अर्को गर्दै अरुलाई पेल्दै अघि बढ्ने ओली प्रवृत्तिले ओली अहिले अल्पमतमा रहेको उनकै दलका नेता र विपक्षीहरुले बताउँदै आएका छन्। पार्टी भित्रैबाट नेता नेपाल समूहले विपक्षी मोर्चाबाट नेपालको संविधानको धारा ७६ को उपधारा ५ बमोजिम कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीको प्रस्ताव गरेर दौडिरहेका छन् ।

## फरार प्रतिवादी पक्राउ

***झापा (प्रस) ।*** बैङ्किङ कसुर मुद्धाका एक फरार प्रतिवादी पक्राउ परेका छन् । पक्राउ पर्नेमा मेचीनगर वडा नं. ७ का ४१ वर्षिय पुष्पराज ढुङ्गाना रहेका छन् । उच्च अदालत बिराटनगर, ईलाम ईजलास ईलामले २०७६ फागुन २० गते बैङ्किङ कसुर मुद्धामा ढुङ्गानालाई दश दिन कैद, १७ लाख ७० हजार रुपैयाँ जरिवाना र पीडित राहत कोषमा . ७० हजार ८ सय रुपैयाँ दाखिला गर्नुपर्ने फैसला सुनाएको थियो । हालसम्म फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले बिहीबार पक्राउ गरेको हो । उनलाई कैद भुक्तानको लागि कारागार पठाउने जनाइएको छ ।

## आनीले दिइन् बिर्तामोड र अर्जुनधारालाई स्वास्थ्य सामग्री

***झापा (प्रस) ।*** झापाका दुई नगरपालिकालाई आनी छोइङ डोल्मा फाउण्डेशनले ५० लाख मुल्य बराबरको स्वास्थ्य सामग्री उपलब्ध गराएको छ । फाउण्डेशनले बिहीबार विहान बिर्तामोड र अर्जुनधारा नगरपालिकालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो ।

पूर्व मन्त्री एवम् नेकपा एमालेका नेता अग्नी खरेलको पहलमा उक्त सामग्री झापाका दुई नगरलाई हस्तान्तरण गरिएको फाउण्डेशनले जनाएको छ ।

सो फाउण्डेशन, प्रारम्भ सामाजिक संस्था र सिङ्गापुर रेडक्रसले दुई नगरलाई १-१ थान भेन्टिलेटर, २-२ थान अक्सिजन कन्सन्ट्रेटर र पीपीई उपलब्ध गराएको हो । कोरोना महामारीको जोखिमलाई मध्यनजर गर्दै स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको आनी छोइङ डोल्माले बताइन् ।

उनले जीवनमा सेवा नै सर्वोत्तम कार्य भएको बताएकी छन् । देशका विभिन्न जिल्लामा फाउण्डेशनले स्वास्थ्य सामग्री सहयोग गर्दै आएको जनाएको छ । स्वास्थ्य सामग्री ग्रहण गर्दै बिर्तामोड नगरका प्रमुख ध्रुबकुमार शिवाकाटी र अर्जुनधाराका नगर प्रमुख हरिकुमार रानाले फाउण्डेशनलाई धन्यवाद दिएका छन् । प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले झापालाई सम्झिएर स्वास्थ्य सामग्री उपलब्ध गराएकोमा आभार व्यक्त गर्दै जिल्लाको अवस्था बारे जानकारी दिएका थिए ।

## झापाली समाज दक्षिण कोरियाले दियो स्वास्थ्य सामग्री



***झापा (प्रस) ।*** झापाली समाज दक्षिण कोरियाले शिवसताक्षी नगरपालिकाको अस्थायी कोभिड अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

अस्पतालमा उपचार गराइरहेका संक्रमित र स्वास्थ्यकर्मीको लागि झापाली समाज दक्षिण कोरियाले स्वास्थ्य सामग्री प्रदान गरेको सो संस्थाका नविन बाँस्कोटाले बताए । स्वास्थ्य सामग्री वडा नम्बर ११ का वडा अध्यक्ष समेत रहेका कोभिड अस्पताल व्यवस्थापन समितिका संयोजक भैरवकुमार श्रेष्ठलाई बिहीबार प्रदान गरिएको दातृ संस्थाले जनाएको छ । सो कार्यक्रममा नेपाल विद्यार्थी संघका विद्यार्थी नेता निरोज दुलाल पनि सहभागी थिए । संस्थाले सर्जिकल मास्क १३५० , पीपीइ सेट ८ थान सेनिटाइजर ५ बोतल र फेससिल्ड ५० थान प्रदान गरेको थियो ।

### सहाराले...

रोपनी जमिनमा लगाउन सकिने र ४० देखि ४५ दिनमा उत्पादन हुने सुडान र टियोसेन्टी नामको पोषिलो घाँसको बीउ दानावारी शाखा प्रमुख तिम्सिना, कर्मचारी खेमनाथ भण्डारी, सपनकुमार भट्टराई र कृषि प्राविधिक प्रविन कोईरालाले वितरण गरेका थिए ।

**सूचना**

पशु बलीप्रथा न्यूनीकरण,
निरुत्साहन र अन्त्य गर्न सबै
नागरिकहरु सक्रियतापूर्वक लागौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*

### अलविदा...

गरेको चाहिँ करिव १५ वर्षजति भएछ । उहाँ उद्योगी व्यवसायी मात्र हुनुहुन्नथ्यो, सामाजिक एवं विकास निर्माणका कार्यमा पनि उत्तिकै सक्रिय रहनु भएको थियो । एक होनहार, ऊर्जाशील, कर्मठ, समाजसेवी,सत्यमार्गी एवम कुशल व्यक्तित्वको अकल्पनीय निधनले ज्यादै मर्माहत बनाएको छ । उहाँ युवाहरुको धड्कन हुनुहुन्थ्यो । ' दिपेन्द्र दाई' भन्दै युवाहरु खोजी गरिरहन्थे । सबै माझ लोकप्रिय हुनुहुन्थ्यो ।

उहाँ पत्रकारहरुसँग पनि उत्तिकै मिलनसार हुनुहुन्थ्यो । आफै संचार उद्यमीको रुपमा आरम्भ एफएम खोल्नु भयो । पछि त्यही एफएममा मैले उहाँकै संगतका कारण लगानी गरैं । केही वर्ष चलाएर पछि एफएम बेच्नुपर्ने अबस्था आयो । संचार क्षेत्रप्रतिको लगावले उहाँ भन्नुहुन्थ्यो'मिडियाप्रतिको मेरो रहर हटिसकेको छैन अब फेरि एउटा मिडिया त खोल्नैपर्ने भयो इन्द्रजी सल्लाह गरौं ।' मिडियामा सँगै रहँदाताका धेरै कुरा हुन्थ्यो । उहाँले भन्नुभएको धेरै कुरा मलाई संझना छ । त्यसमध्ये उहाँको जीवनको महत्वपूर्ण घटनाबारे सुनाउनु हुन्थ्यो -म त रत्नाखरबाट बाल्मिकी भएको हुँ ।मेरो जिज्ञाशामा नेपाल निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष दिपेन्द्र दाई भन्नुहुन्थ्यो-मैले ठेक्कापट्टा गर्दा ४-५ सय युवा मेरो प्रत्यक्ष सम्पर्कमा थिए । बिहान उठेदेखि रातिसम्म उनीहरुसँगै मेरो उठबस हुन्थ्यो । पैसा त निकै कमाएँ तर परिवारले राम्रो नलिएपछि छोडेँ ।

निर्माण व्यवसायीको त्यो पेशालाई विस्तारै छोड्दै गएका दिपेन्द्र दाईले आफ्नो पहिचानलाई परिवर्तन गरे । अग्ला कदका लामो कपाल, लामो दारी अनि ओपन हुट गाडी अरुको नजरमा डरलाग्दो देखिने उहाँ पछि साधु सन्तजस्तै धार्मिक र सामाजिक बन्नु भयो । शालिन र भद्र बन्नु भयो । मैले काम गर्दै आएको मुसहर बस्तीका लागि उहाँले धेरै पटक सहयोग गर्नु भयो ।समाजका विपन्न अनि पीडितलाई खोजी गर्नुहुन्थ्यो । यो अकल्पनीय निधनले समाजको लागि अझ धेरै गर्ने उहाँको चाहना र गरिब बुरुवाले उहाँमाथि गरेको भरोसा पूरा हुन पाएन ।

समाजको लागि उहाँको ठूलो योगदान छ । देवी गुठीको जग्गाको लागि सधै मरिमेट्नु भयो । जब गुठीको जग्गा हिनामिना भयो त्यतिबेला उहाँकै अग्रसरतामा विरोध भएको थियो । जग्गा बेच्ने माफियाहरुलाई सामाजिक कार्वाही गर्ने काम भयो । गुठीको जग्गाको लागि डटेर बोल्ने साहस उहाँमा रहेको थियो । नेपाली कांग्रेस पार्टीका जुझारू युवा नेता एवम् नेपाली कांग्रेस आवद्ध निर्माण व्यवसायी विभागका केन्द्रीय सदस्य दिपेन्द्र दाईको राजनीतिक सपना पनि अधुरै रह्यो । पार्टीमा आफूलाई कहिल्यै सत्तापक्षको ठान्नु भएन । बिर्तामोडको लागि धेरै काम गर्ने उहाँको चाहना थियो , योजना थियो । उहाँको राम्रा कुरा यो मेरो लेखमा अटाउन साध्य छैन ।

सामाजिक अभियन्ता दिपेन्द्र दाईको निधनले परिवार , समाज र राष्ट्रले नै एक योग्य व्यक्ति गुमाएको छ । आशाको दियो गुमाउनु पर्दाको पीडा छ र सहनै पर्ने विवशता पनि । दिपेन्द्र दाईको असामयिक निधनले भाउजु भूमिका पोखरेललाई परेको पति वियोग, शम्भु काका र काकीलाई परेको पुत्र वियोग ,मेरा साथी प्रवीणलाई परेको भातृ वियोगलगायत परिवार सवैमा बज्र परेको यो समयमा सहनुको विकल्प पनि रहेन । शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना । उहाँको पार्थिव शरीर यो संसारबाट विदा भएतापनि यो समाजमा उहाँको सम्झना र आवश्यकता सदैव महसुस भइरहने छ । अलविदा दिपेन्द्र दाई !

### गण्डकीका...

गरेकी थिइन् ।

संविधानको धारा १६८(४) बमोजिम ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने प्रावधानबमोजिम ठीक ३० दिनमा पोखरा सभागृहस्थित भवनमा सो प्रक्रिया भएको हो । उनीविरुद्ध विपक्षी दलले अविश्वासको प्रस्ताव पेश गरेकोमा मत विभाजनको अघिल्लो दिन वैशाख २६ गते पदबाट राजीनामा गरेकोमा ३ दिनभित्र दलहरूले सरकार बनाउन नसकेपछि प्रदेश प्रमुखले उनैलाई मुख्यमन्त्रीको अवसर दिएकी थिइन् । नेकपा एमाले स्थायी कमिटी सदस्य समेत रहेका गुरुङ गण्डकीमा २०७४ फागुन ४ गते पहिलो पटक मुख्यमन्त्री नियुक्त भएका थिए ।

### झापामा...

पुष्टि भएको छ । जसमा ४८ जना महिला छन् ।तर, झापाका १०५ जनामा संक्रमण पुष्टि हुँदा २११ जनाले कोरोना जितेर घर फर्किएको तथ्यांकमा उल्लेख छ । तर, कोरोना संक्रमणबाट मृत्यु हुनेको दरमा भने कमी आएको छैन ।पछिल्लोपटक संक्रमितमध्ये भद्रपुरका ११ महिलासहित २६ जना, बिर्तामोडका १० महिलासहित २० जना, कचनकवलका ६ महिलासहित १२ जना, अर्जुनधाराका ९ महिलासहित ११ जना छन् ।यस्तै, कनकाईका ३ महिलासहित ८ जना, शिवसताक्षीका ४ जना, झापा, बुद्धशान्ति र गौरीगञ्जका २-२ जना, गौरादह, हल्दिबारी र बाह्रदशीका १-१ जना तथा पालिका नखुलेका ५ जनामा संक्रमण पुष्टि भएको छ ।यो संक्रमण पुष्टि भएसँगै झापामा कुल संक्रमितको संख्या ११ हजार ९८० पुगेको छ । निको हुनेको संख्या ७ हजार ६६४ पुग्दा सक्रिय संक्रमितको संख्या चार हजार रहेको छ ।

gj ;~rf/ uk kl-ln-åf/f kl̥flzt tyf gj ;~rf/ ck ;]dl dlbl̥t sfof{no ebk|'/ a; :6]8 klZrd, uh'/dv6f]h, la t{df]8 -emfkf_ kmf]g g+ )@#–%$#*@) 0d]h pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# बजेट कार्यान्वयनको चुनौती

**केही जनपक्षीय कार्यक्रमसहित अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०७८/०७९ को लागि १६ खर्ब ४७ अर्ब ५७ करोड बराबरको बजेट सार्वजनिक गरे। आगामी आर्थिक वर्षमा सबै नेपालीलाई खोप लगाएर जनजीवन सामान्यीकरण हुने अपेक्षासहित ६ दशमलव ५ प्रतिशतको आर्थिक वृद्धिको अपेक्षा बजेटमा राखिएको छ। अर्थमन्त्री पौडेलको यो दोस्रो बजेट हो। उनले यस अघि २०७३ मा ल्याएको बजेटले पनि प्रशंसा पाएको थियो। पौडेल स्वदेश या कुनै विदेशी विश्वविद्यालयबाट अर्थशास्त्र विषय पढेर आएका सम्बन्धित क्षेत्रका विज्ञ मानिस त होइनन्। युवराज खतिवडा सम्बन्धित विषयका विज्ञ थिए। तर उनले ल्याएका हरेक बजेट विवादित रहे। बजेट सामाजिक परिवेश, हाम्रो धरातलीय यथार्थ र जनताका दुःख-सुखसँग प्रत्यक्ष जोडिएको विषय हो। यस्तो विषय जनमतकै बीचबाट उठेको, व्यवहार र अनुभवले परिपक्व व्यक्तिले मात्र बुझ्न सक्छ भन्ने सन्देश पनि हो यो। बजेट सस्तो लोकप्रियताबाट आएको र कार्यान्वयन हुन नसक्ने भनेर विपक्षी दलबाट प्रतिक्रिया आएको छ। तर निजी क्षेत्र र सर्वसाधारणले बजेटले कोरोना संकटलाई धेरै हदसम्म सम्बोधन गरेको प्रतिक्रिया दिएका छन्।**

**बजेटको प्रभावकारी कार्यान्वयनले कोरोना महामारीको दोस्रो लहरबाट शिथिल बनेको नेपाली जनजीवन र अर्थतन्त्र चलायमान हुने विश्वास गर्न सकिन्छ। चाहे त्यो बजेट होस् या अन्य सरकारी निर्णय, तिनमा जनताप्रति राज्यको उत्तरदायित्व के हो भन्ने विषय झल्किनु आवश्यक हुन्छ।**

**राज्यले आफ्ना निर्णय र कार्यक्रममार्फत जनतालाई म सुख दुःखमा तिमीहरूसँगै छु भन्नुपर्छ, त्यो सन्देश दिनुपर्छ। कतिपयले उठाएको जस्तो कार्यान्वयनको चुनौतीका सन्दर्भमा भने सरकार स्वयंले पहल लिनु जरुरी छ। बजेट कार्यान्वयनका सन्दर्भमा कहाँ-कहाँ कस्ता चुनौती छन् भनेर सरकारले सुक्ष्म अध्ययन र विश्लेषण गर्नु जरुरी छ।**

# बजेट, विवेचना र विरोधका स्वर



• शरद अधिकारी

> हामी सबैलाई थाहा छ कि बजेटको चुनौती भनेको नै कार्यान्वयनको हो। बजेट आउनु ठूलो कुरा होइन बजेट कार्यान्वयन नै ठूलो कुरा हो भन्ने थाहा पाएकाले विगतमा कति कार्यान्वयन गरे त्यो पनि समीक्षाको विषय हुने कि नहुने।

सरकारले आर्थिक वर्ष २०७८-७९ का लागि ल्याएको बजेट सदाझै घाटाको भए पनि आगामी आर्थिक वर्षका लागि धेरै कार्यक्रम जनप्रिय रहेका छन्। कतिपयले बजेटलाई महत्वाकांक्षी भनेका छन्। कतिपयले बजेटलाई कार्यान्वयनका लागि जटिल भनेका छन्। कतिपयले नेपाली जनताको टाउकोमा ऋण बोकाएको भनेका छन्। कतिपयले यो सरकारले पूर्ण बजेट ल्याउनु हुँदैनथ्यो भनेका छन्। कतिपयले निर्वाचनको कुरा गरे पनि सरकारले बजेटको व्यवस्था नगरेको भनिरहेका छन्। बजेटमा स्वास्थ्यको विषयलाई प्राथमिकतामा राखिएको छ। अघिल्लो वर्षको तुलनामा यो वर्ष स्वास्थ्यको क्षेत्रमा निकै धेरै बजेट राखिएको छ। सदाझैं शिक्षाको क्षेत्रमा बजेट उल्लेख्य रहेको छ। जुन अघिल्लो वर्षकै निरन्तरता जस्तो रहेको छ। नेपालमा शिक्षाको अवस्थालाई शतप्रतिशतमा पु-याउन सरकारले बजेट सोहीअनुरूप प्रस्तुत गरेको छ। यसैगरी, स्वास्थ्य क्षेत्रमा सबै नेपालीलाई निःशुल्क रूपमा कोरोनाको खोप उपलब्ध गराउने कुरालाई पहिलो प्राथमिकतामा रोखेको छ। समग्रमा बजेटले सबैलाई छोएको छ। खेतमा काम गर्ने किसानदेखि कार्यालयमा काम गर्ने कर्मचारीसम्मका लागि बजेटले समेटेको छ। यस्तै, सानो पसल गर्ने व्यवसायीदेखि लिएर अर्बौंको कारोबार गर्नेहरूलाई समेटेको छ। यस्तै, घरमा बस्ने सामान्य उपभोक्तादेखि लिएर धेरै महँगा उपभोक्तालाई पनि यसले समेटेको छ। यो बजेटमा खोट लगाउने ठाउँ नपाएपछि कतिपयले हाँसो लाग्ने प्रतिक्रिया दिएका छन्।

नेपाली कांग्रेसका नेता तथा पूर्वअर्थमन्त्री डा. महतले कृत्रिम हिसाबमा बजेटको आकार बढाएर चुनावमुखी कार्यक्रम प्रस्तुत गरिएको बताएका छन्। उनले धेरैपटक बजेट भाषण गर्नेमध्येको अर्थमन्त्री हुन्। तर, उनले संवैधानिक विधि पद्धति तथा मूल्य र मान्यताविपरीत बजेट आएको भन्दै टिप्पणी गरेका छन्। उनले अनावश्यक रूपमा सामाजिक सुक्षा भत्ता र तलब वृद्धि गरिएको भन्दै रोष प्रकट गरेका छन्। कर्मचारीको तलब वृद्धिका सम्बन्धमा कानुन मिचिएको उनको भनाइ छ। यस्तै अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शंकर शर्माले आगामी आर्थिक वर्षको बजेट १५औं योजनाको लक्ष्यलाई धक्का पुग्ने गरी प्रस्तुत गरिएको बताए। सरकारले चालूतर्फ जाने खर्च लुकाउन बजेटको अनूसची १ नै परिवर्तन गरेको आरोप उनको छ। राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्राडा गोविन्द पोखरेलले आगामी आर्थिक वर्षको बजेटमा राम्रा-नराम्रा पक्ष रहेको बताएका छन्। अर्थमन्त्रीले ३ घण्टा लगाएर प्रस्तुत गरेको ५ सय बुँदाको बजेटमा रोजगारी सिर्जनाका लागि राम्रै कार्यक्रम ल्याइएको बताए पनि बजेटले सबै विषय छुनै नै बजेटको कमजोरी पक्ष भएको औंल्याए।अर्का पूर्वउपाध्यक्षः डा. जगदीशचन्द्र पोखरेलले बजेटको खर्च र आम्दानीको हिसाब तथा अर्थ मन्त्रालयको फर्म्याटअनुसार हेर्दा बजेटमा खोट लगाउन ठाउँ नभएको बताएका छन्। तर, उनले खर्चका स्रोतको व्यवस्थापन, खर्चको क्षमता, संस्थागत क्षमतालाई हेर्ने हो पहुँचवाला कार्यकर्तामा मात्रै बजेट पुग्ने आशंका व्यक्त गरेका छन्। अर्थशास्त्रीय दृष्टिकोणमा प्रस्तुत बजेट फितलो भएको पोखरेलको भनाइ छ। अर्का अर्थशास्त्री डा. विश्व पौडेलले बजेट ठूलो आकारमा प्रस्तुत भए पनि कार्यान्वयनको पाटो चुनौतीपूर्ण रहेको बताएका छन्। अध्यादेशमार्फत बजेट ल्याइने बजेट पूर्ण आकारमा आउनु तथा बजेट प्रस्तुत गर्ने समयको विषयमा प्रश्न गर्ने सकिने पौडेलको तर्क छ। यो बजेटले पनि विगतमा बजेट खर्च गर्न नसकेको अवस्थालाई ध्यान नदिएको उनले बताए। ठूलो आकारको बजेट प्रस्तुत गरेर वितरणमुखी तथा लोकप्रिय कार्यक्रम समेटेको टिप्पणी पौडेलले गरे। पूर्वगर्भनर डा. चिरञ्जीवी नेपालले मुद्रास्फीति सरकारले लिएको सीमाभित्र राख्न कठिन भएको बताउनुहुन्छ। सरकारले बजेटमार्फत राखेको २ खर्ब ५० अर्ब आन्तरिक ऋण उठाउने लक्ष्यका कारण बाह्य क्षेत्रमा दबाब पर्ने भएकाले मुद्रास्फीति बढ्ने उनको भनाइ छ।

नेपालमा बजेट भाषण गर्न थालेको लामो समय भएको छैन। केही वर्षअघिसम्म पनि बजेट खर्बमा हुँदैनथ्यो। अब बजेट खर्बमा अघि बढेको छ। अबको केही वर्षमा यो दायरा अझै फराकिलो हुँदै जाँदा १ सय खर्ब बजेट भन्नुपर्ने स्थिति आउँछ। पछिल्ला केही वर्षमा नेपालमा आर्थिक गतिविधि बढिरहेको कुरालाई बजेटले प्रस्तुत गरिरहेको छ। हामीले अघिल्लो वर्षको तुलनामा यो वर्ष खर्ब बढीको निर्यात गरेका छौं। नेपालको इतिहासमा यति धेरै निर्यात भएको थिएन। नेपालले केही सीमित वस्तुलाई मात्रै विदेशमा पठाउने गरेकोमा विस्तारै त्यो दायरा बढेर गएको छ। नेपालले निर्यात गर्ने वस्तुको संख्या र परिमाण बढ्दै गएको छ। यो सबैभन्दा खुसीको कुरा हो। हामीकहाँ विभिन्न वस्तुको उत्पादन बढ्दै गएको छ। नेपालभन्दा साना देशले संसारको व्यापारलाई आफ्नो मुठ्ठीमा राखेका छन्। ठूलो लगानीले मात्रै होइन ठूलो सोचले व्यापार गर्न सकिन्छ। हामीले सुन्दै आएका छौं कि अमेरिकामा प्रयोग हुने देशको झन्डा ९० प्रतिशत चीनमा तयार हुन्छ। अब भन्नुस् चीनले आफ्नो व्यापारको दायरालाई कहाँसम्म पुऱ्याएको रहेछ। अहिले पनि विश्वका विकशित देशहरू कुनै न कुनै ब्रान्डलाई आफ्नो बनाएर बसेका छन्। कोही प्लेन बनाउँछन्। कोही हेलिकोप्टर बनाउँछन्। कोही गाडी बनाउँछन्। कोही मोबाइल बनाउँछन्। कोही अन्य खालका साधन तयार गर्छन्। कोही अन्न उत्पादन गर्छन्। नेपालमा अझ भन्ने हो भने दाङ जिल्लामा हामीले खाइरहेको तोरीको तेलका लागि तेल क्यानडाबाट आइरहेको छ। कहाँको क्यानडा, कहाँको नेपाल। सात समुद्रपारबाट यहाँ आएको तोरीलाई हामीले आफ्नो उपभोगको विषय बनाएका छौं। यस हिसाबले हामीले तोरी उत्पादन गरेर आत्मनिर्भर बन्न सक्ने हो भने मात्रै पनि अर्बौं रकम नेपालमा बस्न सक्छ।नेपालमा बजेट भाषण गर्नेहरूले आफूले बजेट भाषण गर्दा उत्कृष्ट बजेट आएको दाबी गर्दछन् तर त्योभन्दा फरक खालको भूमिकामा रहेको समयमा विरोध गर्छन्। यो पुरानो चलन भएको छ। यस वर्ष आएको आगामी वर्षको बजेटमा पनि यस्तै देखिएको छ। अर्थमन्त्रीले बजेट प्रस्तुत गरे। नेपाली जनताले बडो गजबसँग बुझे तर अर्थशास्त्रीहरूले बुझेनन्। जनताले के कुरामा राहत पाइने भयो ? के कुरामा सुविधा पाइने भयो ? के कुरामा सजिलो हुने भयो भन्ने कुरा निकै राम्रोसँग बुझे। तर, अर्थशास्त्रीहरूले बजेट महत्वाकांक्षी भयो। बजेट पपुलिष्ट भयो। बजेट कार्यान्वयनमा जटिलता छ। बजेटले सबैलाई समेट्यो यो नै नराम्रो भयो भन्दै आलोचना गरिरहेका छन्। सक्ने भए यिनीहरूले रौलाई पनि चिरा पार्ने थिए। सक्ने भए तोरीको गेडामा पनि प्वाल पार्ने थिए। अघिल्ला वर्षको तुलनामा यसपालि समाजवादी खालको बजेट आएको छ। सबैले बुझ्ने भाषामा बजेट आएको छ। आलोचना गर्नेहरूले नेपालीको टाउकोमा ऋणको भार थपियो। सरकारले ऋण भार थप्यो भन्दै आलोचना गरिरहेका छन्। एउटा अध्ययनले के देखाउँछन् भने चीनले पनि अमेरिकालाई ऋण दिने गरेको छ। विश्व यसैगरी चल्छ। यो कुरा अन्यथा होइन। आएको रकमको सदुपयोग भयो कि भएन भन्ने कुरा महत्वपूर्ण हो। सडकहरू बन्नु, जलविद्युत्का आयोजना बन्नु, पुल बन्नु, उद्योग सञ्चालनमा आउनु, कृषि कर्म गर्नेहरूको संख्या बढ्नु र उत्पादन बढ्नु। विकासका सूचक यिनै त होलान्। बजेटले सामान्यभन्दा सामान्य नागरिकलाई समेत सम्बोधन गरेको यस वर्षको बजेटबारे विरोधका स्वरहरू विरोधका लागि विरोधमा आएका छन्। विपक्षीमा भएपछि विरोध त गर्नु परिहाल्यो। केही शब्द भन्नु परिहाल्यो भनेर भनिएका जस्ता छन्।

बजेटले निर्वाचन लक्षित मात्रै रहेको छैन। बजेट अघिल्लो वर्षको तुलनामा प्रदेश सरकार र पालिकाहरूमा पनि पर्याप्त बजेटको व्यवस्था गरेको छ। नेपालमा तीन तहमा रहेका सरकारमध्ये केही ठूला आयोजनाको कुरा संघीय सरकारले गर्छ। संघीय सरकारले केही नीतिगत कुरा गर्छ। यतिबेला संघीय सरकारले बजेटमा जेजस्ता विषय समेटेको छ ती विषयहरू दीर्घकालीन महत्वका विषय रहेका छन्। चाहे त्यो स्वास्थ्यको कुरा होस् चाहे त्यो शिक्षाको कुरा होस्। यस्तै पर्यटनको विषयमा पनि बोलेको छ। कर्मचारीको कुरा पनि गरेको छ। विद्यार्थीका लागि कुरा गरेको छ। वृद्धवृद्धाको कुरा गरेको छ। दलितको कुरा गरेको छ। मुक्त कम्लहरीको कुरा गरेको छ। सञ्चारको कुरा गरेको छ। नेपालमा सञ्चारको विकासका लागि यसपटक केही उदाहरणीय कार्यक्रम ल्याइएको छ। अर्थात् सबैको कुरा गरेको छ। हामी सबैलाई थाहा छ कि बजेटको चुनौती भनेको नै कार्यान्वयनको हो। बजेट आउनु ठूलो कुरा होइन बजेट कार्यान्वयन नै ठूलो कुरा हो भन्ने थाहा पाएकाले विगतमा कति कार्यान्वयन गरे त्यो पनि समीक्षाको विषय हुने कि नहुने। अर्को कुरा बजेट कार्यान्वनमा आमनागरिकको पनि भूमिका हुन्छ। सरकारी निकायको भूमिका त अवश्यै बढी हुन्छ। बजेट कार्यान्वयनका लागि खबरदारी गर्ने कुरामा पनि नागरिकको भूमिका हुन्छ। विरोधका लागि विरोधभन्दा रचनात्मक सुझाव दिनेहरूबाटै समृद्धिको ढोका खुल्न सक्छ।

# विपद्, शिक्षा र बालबालिकाको सिकाइ



• डा. कृष्णप्रसाद पौडेल

कोभिडको नयाँ भेरियन्टको कारण शैक्षिक क्षेत्र यसको मारमा छ र सबैभन्दा बढी असर बालबालिकाको पढाइमा परिरहेको छ। अहिले विद्यालय (वाल कक्षादेखि कक्षा १२ सम्म) जाने बालबालिकाको संख्या करिव ७५,००,००० (पचहत्तर लाख) र उच्च शिक्षा तहमा करिव (प्राविधिक र व्यवसायिक सहित) ५,००,०० (पाँच लाख) गरी करिव ८०,००,००० (असी लाख) विद्यार्थीहरूको दैनिक पठनपाठनमा ठूलो असर पारिरहेको छ। कोभिड एक प्रकारको विपद् नै भएकोले विपद् को समयमा पढाइ भन्दा पनि अरु कुराले महत्व पाउँदछन्। यसो भन्दाभन्दै पनि विपद्को समयमा विशेष प्रकारको सिकाइ अत्यावश्यक रहन्छ। विपद्ले सबैभन्दा पहिला सिकाइको वातावरणलाई असर पार्ने भएकोले यो आलेख विपदको समयमा आफू र आफ्नो परिवारलाई जोखिमबाट बाहिर राख्दै दैनिक रूपमा हुने सिकाइलाई निरन्तरता दिन सरकारले गर्नुपर्ने व्यवस्थापकीय कार्यको बारेमा विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ।

विपद्को समयमा दैनिक रूपमा पढाइने कुराभन्दा पहिले समग्र नागरिकको सुरक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता विषयवस्तुले प्राथमिकता पाउँछन्। तलको चित्रमा विपदको समयमा मुख्यतयाः ४ प्रकारका सिकाइ वा शिक्षा महत्वपूर्ण रहेको हुन्छ। जसले सुरक्षा, स्वास्थ्य, खाद्य र सामाजिक शिक्षालाई प्राथमिकतमा राखेको छ। यसको अतिरिक्त विपद्को समयमा सरकारद्वारा वालबालिकाको सिकाइलाई निरन्तरता दिन सकिन्छ सो को बारेमा अवधारणा प्रस्तुत गरिएको छ। सर्वप्रथम विपद्को समयमा सिकाउनै पर्ने कुरालाई प्रस्तुत गरिएको छ।

**सुरक्षा शिक्षाः** विपद्को समयमा कसरी बच्ने भन्ने कुरा सुरक्षा शिक्षाले दिन्छ। प्राकृतिक प्रकोपद्वारा हुने विपद्को समयमा जस्तैः भूकम्प, आधीबेहरी, बाढी-पहिरो लगायत र मानव जाति मार्फत निम्त्याइएका प्रकोप जस्तै कोभिड, बर्डफ्लू, इबोला आदिमा स्वयं आफू, आफ्नो परिवार र आफ्नो समुदायमा बस्ने आम मानिसहरू लगायत सम्पूर्ण पशुपंक्षी, वनस्पतिलाई कसरी सुरक्षित राख्ने भन्ने कुरा सुरक्षा शिक्षाले प्रदान गर्दछ। हामीले विद्यालय तहबाट नै यस्ता कुराहरू पढाउनु जरुरी छ।

**स्वास्थ्य शिक्षाः** विपद्को समयमा सुरक्षा शिक्षा जस्तै स्वास्थ्य शिक्षामा पनि अति ख्याल गर्नु आवश्यक छ। यस्तो समयमा विशेषत विपद्द्वारा हुने वालमनोविज्ञानलाई अति महत्वकासाथ हेरिनु पर्दछ। यस्तो समयमा बालबालिकालाई बढी मनोरन्जन हुने वातावरण मिलाउनु आवश्यक हुन्छ। यसका अलवा दैनिक रूपमा हुने साधारण स्वास्थ्य समस्यहरूलाई पनि ख्याल गर्नुपर्दछ। यस्तो समयमा विशेषतः बालहिंसाबाट बालबालिकालाई जोगाउनु आवश्यक छ।

**खाद्य शिक्षाः** खाद्यान्न नै जिवन हो भन्ने कुरा विपद्को समयमा अलि बढी चरितार्थ हुन्छ। विभिन्न प्रकारको विपद् को समयाम के-कस्तो खाद्यान्न खाने, पानी के-कति पिउने, सन्तुलित रूपमा कसरी खाने लगायतका खाद्य शिक्षाको बारेमा समयमा नै जानकारी र सचेत बनाउनु जरुरी छ।

सामाजिक शिक्षाः यो समाज र जगत मानव जातिको लागि मात्र नभएर समग्र प्राणीजातीहरूको पनि हो भन्ने कुरा बालमस्तिष्क बाट नै सिकाउनु जरुरी छ जसले गर्दा भोलिको दिनमा आइपर्ने प्राकृतिक र मानविय क्षतिलाई कम गर्न सकिन्छ।

अतः सुरक्षा, स्वास्थ्य, खाद्य र सामाजिक शिक्षाको वारेमा बालबालिकलाई मात्र नभएर उनिहरूका अभिभावकलाई पनि 'अभिभावकिय शिक्षा' को रूपमा सिकाउनु आवश्यक छ जसले गर्दा विपद्को समयमा हुने मानविय क्षतिलाई कम गर्न सकिन्छ।

सिकाइ जीवनभर चलिरहने प्रक्रिया हो। मानव जातिले जुनसुकै समयमा पनि केहि न केहि सिकिरहेको हुन्छ। अब छलफल गरौं विपद्को समयम बालबालिकालाई कसरी उनीहरूको सिकाइ प्रक्रियालाई निरन्तरता दिने भन्ने सम्बन्धमा। विभिन्न देशहरूले महामारीको समयमा विद्यालय गइ प्रत्यक्ष रूपमा वा सामाजिक दूरीको माध्ययमबाट पठनपाठन गराउन नसक्ने अवस्था आएमा भर्चुअल माध्ययमबाट सिकाइ प्रक्रियालाई अघि बढाएका छन्। विद्यालयहरू भौतिक रूपमा बन्द भइरहेको यस सन्दर्भमा बालबालिकामा आउन सक्ने सम्भावित नकारात्मक परिणामहरू न्यूनीकरण र कम गर्नको लागि बालमनोविज्ञानलाई मध्यनजर गर्दै पढाइलाई निरन्तरता दिनु अति आवश्यक छ। विपद्को समयमा तल चित्रमा प्रस्तुत गरिएझैं विभिन्न प्रकारका माध्ययमबाट 'अनलाइन शिक्षा र आपतकालीन दूर शिक्षा' मार्फत सिकाइलाई निरन्तरता दिन सकिन्छ। आजको २१ औं शताव्दिमा ठाउँ र परिस्थिति हेरेर तल भनिए झैं कुनै एक एकभन्दा बढी माध्ययमको प्रयोग गरी बालबालिकाको सिकाइ मात्र नभइ उनीहरूको मूल्याङ्कनको प्रबन्धसमेत गर्न सकिन्छ। विपद्को समयमा आपतकालीन रिमोट टिचिङ्गको माध्यमद्वारा पढाइ तथा सिकाइ गराइनु आवश्यक छ।

**स्मार्ट फोनः** स्मार्ट फोनको माध्यमबाट बालबालिकालाई दैनिक रूपमा पठन-पाठनमा संलग्न गराउन सकिन्छ। विभिन्न प्रकारका फोन (मोबाइल) मा डाउनलोड गरी सोको माध्ययमबाट दैनिक रूपमा पढाइलाई निरन्तर दिनु आवश्यक छ। बालबालिकाको उमेर र समूह हेरिकन उनीहरूले पढेको विषयवस्तुमा गृहकार्य, मूल्याङ्कन लगायतका कार्य गर्न सकिन्छ। पूर्णरूपमा इन्टरनेटको सुविधा नभएको समयमा पनि यो माध्ययम प्रयोग गर्न सकिन्छ।

**ल्यापटपः** ल्यापट वा डेस्कटप कम्प्युटरमा विभिन्न प्रकारका कार्यक्रमहरू डाउनलोड गरेर विद्यालय र उच्च शिक्षामा अध्ययनरत विद्यार्थिहरूले आफ्नो पढाइलाई निरन्तरता दिन सक्छन्। उनीहरूले गर्नुपर्ने सम्पूर्ण गृहकार्य, एचयवभअत ध्यचप लगायतका अन्य कार्यहरू समेत गरी सम्बन्धित बिषयका विषय शिक्षकलाई उनिहरुको इमेल वा सम्बन्धित विद्यालय वा शिक्षालयको ब्उउष्अबतष्यल मा पठाउन सक्छन्।

**इन्टरनेटः** एकातिर पठन-पाठनका कति सामग्री यस्ता हुन्छन् जुन इन्टरनेटबाट मात्रै पढाउन सकिन्छ भने अर्कोतिर पढाइएका विषयवस्तु अपलोड गर्न र ब्ककष्नलकभलत पठाउनको लागि इन्टरनेटको आवश्यकता पर्दछ। २१ औं शताव्दिको सूचना प्रविधिको युगमा इन्टरनेटमार्फत भौतिक रूपमा गर्नुपर्ने प्राविधिक बाहेक अन्य सम्पूर्ण कुराहरू सिक्न र सिकाउन सकिन्छ।

**टेलिभिजनः** जुन ठाउँमा इन्टरनेटको सेवा सुविधा पुगेको छैन त्यस्तो ठाउँमा टेलिभिजन मार्फत पढाइनु आवश्यक छ। टेलिभिजन मार्फत प्रयोगात्मक लगायतका विषयलाई पनि सिकाउन सकिन्छ। टेलिभिजन मार्फत शिक्षण सिकाइ गर्दा विषयगत गृहकार्यको छुट्टै सत्र सञ्चालन गरी बालबालिकाको पढाइ र सिकाईको स्तरलाई उकास्न सकिन्छ।

**रेडियोः** जुन ठाउँमा इन्टरनेटको सेवा सुविधा लगायत टेलिभिजनको सेवा पुगेको छैन त्यस्तो ठाउँमा रेडियो मार्फत केन्द्रिकृत पढाइको सत्र सञ्चालन गर्न सकिन्छ। रेडियोले विशेषतः विपद्को समयमा सुरक्षा, शिक्षा, खाद्य, सामाजिक शिक्षा लगायतका विषयको ज्ञान प्रदान गरिन्छ। बालबालिकालाई दैनिक रूपमा सिकाउनु पर्ने कुराहरू दैनिक तालिका तयार गरी सोही बमोजिम रेडियो मार्फत कक्षाहरू सञ्चालन गर्नु पर्दछ।

**स्थानीय एफ. एमः** विपद्को समयमा स्थानीय सरकार र प्रदेश सरकारसँग मिलेर स्थानीय एफ. एम. मार्फत कक्षाहरू सञ्चालन गर्न सकिन्छ। यस्ता कक्षाहरू विशेषतः बालबालिकाको मनोविज्ञानको आधारमा तयार गरी सञ्चालन गर्दा राम्रो हुन्छ।

**इन्ट्रानेटः** विश्वविद्यालयमा अध्ययन गर्ने विद्यार्थी र स्कलर हरूको लागि विश्वविद्यालयले तयार गरेको आफ्नै सिकाइ व्यवस्थापन केन्द्र मार्फत पढाउनुपर्ने भएकाले त्यो अवस्थामा इन्ट्रानेटको माध्यमबाट सिकाइलाई निरन्तरता दिइन्छ। हाल कतिपय संस्थागत विद्यालयले इन्ट्रानेटमार्फत कक्षाहरू सञ्चालन गरिरहेका छन्।

माथि उल्लेखित विभिन्न प्रकारका माध्यमबाट सिकाइलाई निरन्तरता दिनको लागि सरकारले सूचना र प्रविधि, शिक्षकको वृति विकास लगायतका विषयमा ठूलो लगानी गर्नुपर्ने देखिन्छ। माथि उल्लेख गरिएका विभिन्न माध्ययम बाट विपद् र आपतकालीन समयमा बालबालिकालाई अध्ययन र सिकाइमा संलग्न गराउन सकिन्छ। बालबालिका मात्र नभएर उच्च शिक्षाका शिक्षार्थीहरू, विद्यालय तहमा अध्यापन गराउने शिक्षक, उच्च शिक्षामा प्रध्यापन गराउने प्राध्यापकहरू लगायत अभिभावकले पनि सिकाइ र पढाइको प्रक्रियामा समावेश हुनु जरुरी छ। दूर शिक्षा र यसको सफलताको लागि विद्यार्थीहरूमाथि मात्र नभएर शिक्षक र अभिभावकहरूको दायित्वमा समेत निर्भर रहन्छ।

विपद्को समयमा बालबालिकालाई प्रभाव पार्ने विभिन्न प्रकारका मनोवैज्ञानिक असरलाई हटाउने पढाइ र सिकाइलाई निरन्तरता दिनु आवश्यक छ। बालबालिका मात्र नभएर वयस्कमा उत्पन्न हुने नकरात्मक सोचलाई पनि पढाइ र सिकाइले कम गर्दै लैजान्छ। विपद्को समयमा हुने बालहिंसा लगायका कुरामा समाज र परिवारको ध्यान जानु जरुरी छ। कोभिड १९ जस्ता विपद् समय-समयमा आउने भएकोले यस्तो समयमा बालबालिकाको उचित व्यवस्थापनको लागि सरकार सधै तयारीका साथ रहनुपर्दछ। नेपाल सरकारले विद्यालय तहमा अध्ययन गर्ने विद्यार्थीको लागि कक्षागत रूपमा राष्ट्रिय पाठयक्रमको आधारमा त्यसलाई राष्ट्रिय प्रसारण लाइनमार्फत पढाउन सकियो भने त्यो नै अति उत्तम तरिका हुन्छ।

# प्रेस क्लबलाई इष्टहोराइजनको आर्थिक सहयोग

***मेचीनगर (प्रस) ।*** मेचीनगरका पत्रकारहरुको साझा संस्था प्रेस क्लब मेचीनगरलाई कार्यालय व्यवस्थापनका लागि दाताहरुले आर्थिक सहयोग गर्न थालेका छन् । यसक्रममा बिहीबार मेचीनगर–१० धुलावारीस्थित इष्ट होराइजन माध्यमिक विद्यालयले २० हजार रुपैयाँ आर्थिक सहयोग गरेको छ ।




क्लबको कार्यालयमा आयोजित कार्यक्रममा विद्यालयकातर्फबाट प्रिन्सिपल सञ्जिवकुमार राईले क्लबका अध्यक्ष लक्ष्मी उप्रेतीलाई रकम हस्तान्तरण गरेका थिए । प्रेस क्लब मेचीनगरको कार्यालय सञ्चालन तथा ब्यवस्थापनका लागि कोभिडको महामारीमा आफूले सहयोग गरेको प्रिन्सिपल राईको भनाई छ । कोरोना महामारीमा विद्यालय स्वयम् समस्या परेको बेला समेत क्लबलाई सहयोग गरेकोमा क्लबका अध्यक्ष उप्रेतीले विद्यालयलाई धन्यवाद दिए । अग्रज पत्रकार जी एन शर्माले विद्यालयले कोभिड १९ महामारीकाबीच आफ्नो कर्ममा क्रियाशील पत्रकारहरुप्रति विद्यालय परिवारले देखाएको सदासयताका लागि धन्यवाद दिँदै आगामी दिनमा समेत नगरका पत्रकार र विद्यालय परिवार एकसाथ अघि बढ्नुपर्नेमा जोड दिए । क्लबका सचिव जीआर धितालले सञ्चालन गरेको कार्यक्रममा क्लब सचिवालय सदस्यहरु विकास देवकोटा, दिलिप थापा , युवराज आचार्य, ईष्टहोराइजनका शिक्षक नविन दाहालको समेत उपस्थिति रहेको थियो ।

# सहाराले पोषणयुक्त खानेकुरा र घाँसको बीउ वितरण गर्दै



**• सपना आचार्य/इलाम**

सहारा नेपाल दानावारी सेवाकेन्द्रले कोरोना संक्रमित आफ्ना सदस्य र सदस्यका परिवारलाई पोषणयुक्त खानेकुरा घर-घरमा पुगेर वितरण गर्न थालेको छ ।

कोरोना पाजेटिभ भई होम आईसोलेसनमा रहेका सदस्यको शिघ्र स्वास्थ्य लाभको कामनासहित सहाराका कर्मचारीहरुले संक्रमित सदस्यको घर-घरमा पुगी पोषणयुक्त खानेकुरा वितरण गर्न थालेका हुन् । यता बुधबार सहारा दानावारी सेवाकेन्द्रले एक कार्यक्रमका बीच व्यावसायिक रूपमा बाख्रापालन गर्दै आएका ३० जना सदस्यहरुलाई प्रतिसदस्य २ केजीका दरले उन्नत जातको घाँसको बीउ वितरण गरेको शाखा प्रमुख त्रिलोचन तिम्सिनाले जानकारी दिए । २

❖ बाँकी अन्तिम पृष्ठमा

# ब्राउनसुगरसहित एकजना पक्राउ



***सुनसरी (प्रस) ।*** सुनसर ीको कोशी गाउँपालिका-८ भान्टाबारीबाट लागूऔषध ब्राउनसुगरसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुनसरी कोशी गाउँपालिका-८ भान्टाबारीका ४० बर्षीय शम्भु कबिरथ रहेका छन् ।उनलाई बिशेष सुराकका आधारमा ईलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले ४ ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो । उनीमाथि जिल्ला प्रहरी कार्यालय सनुसरीबाट कानुनी कार बाही अगाडी बढाईएको जनाइएको छ ।


## बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हर्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भईै गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

**बिर्तामोड नगरपालिका**
**इलाका प्रहरी कार्यालय, अनारमनी**
बिर्तामोड, झापा



# सूचना

## श्रम ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं ।



**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
*सूचना विभाग*





## मानव डेन्टल

काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

**स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान**





प्रतिदिन PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

**अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा**
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

**सुपर काइनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

**राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्**
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
**पोखरेल अफसेट प्रेस**
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

**हरि ओम (UPVC) उद्योग**
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

**तपाईकोमा प्रतिदिन आएन ?**
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## राशिफल

**मेषः** आलस्य र थकानको अनुभूति हुनेछ। झुटा आरोप लाग्न पनि सक्छ।
**वृषः** सहयोगीहरूले काममा साथ दिनेछन्। खेतिपातीबाट बढी लाभ लिन सकिनेछ।
**मिथुन :** वैदेशिक क्षेत्रको काम भने विस्तारै अघि बढ्नेछ।
**कर्कट :** चिताएको कामले तीव्रता लिनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ।
**सिंह :** मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ।
**कन्या :** शुभ समाचार सुन्न पाइएला। नसोचेको ठाउँबाट धनागम हुनसक्छ।
**तुला :** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ।
**वृश्चिक :** व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ।
**धनु :** आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।
**मकर :** पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।
**कुम्भ :** पठनपाठनमा मन जानेछ। टाढाको मित्रजन सँग भेट हुने योग छ।
**मीन :** परिवारजनसँग मनमुटाव हुन सक्छ , स्वास्थ्यमा समस्या आउनेछ।